गरिबसँग विश्वेश्वर कार्यक्रम
आ.ब. २०७४/०७५

## स्थानीय तहलाई बजेट खर्च गर्ने सम्बन्धि निर्देशन र शर्तनामाहरू

(१) गरिबसँग विश्वेश्वर कार्यक्रम संचालनका लागि यस अख्तियारीबाट प्राप्त हुने चालु तथा पूँजीगत अनुदानको रकम प्रचलित कानुन बमोजिम स्थानीय तहले जिल्ला समन्वयकर्ताको समन्वयमा कार्यक्रम तयार गरि सो अनुरुप कार्यक्रम कार्यान्वयन गर्ने, लेखा राख्ने र तोकीए बमोजिम प्रगति प्रतिवेदन पेश गर्ने ।

(२) यस अख्तियारीबाट प्राप्त चालु शीर्षक अन्तरगतको बजेटबाट स्थानीय तह (साविक गा.वि.स./न.पा) मा कार्यरत सामाजिक परिचालकहरूको पारिश्रमिक चाडपर्व खर्च सहित मासिक रु. १३०००/- (तेह्र हजार) का दरले २०७४ श्रावण देखि भुक्तानी दिने ।

(३) यस कार्यक्रममा नियुक्ती भै साविक देखि कामकाज गर्दै आएका सामाजिक परिचालकहरूलाई सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमा रही दैनिक कामकाज गर्ने व्यवस्था मिलाउने ।

(४) यस अख्तियारीबाट प्राप्त पूँजीगत अनुदानको रकम बाँडफाँड गर्दा जिल्ला समन्वयकर्ताको समन्वयमा लक्षित परिवार (विपन्न परिवार) बाट गठन भएका समूह/संस्थाको माग बमोजिम स-साना ग्रामीण पूर्वाधार विकास कार्यक्रम (जस्तै खानेपानी, सिचाई, कुलो, कुवा, इनार मर्मत, बाटोघाटो, शुलभ शौचालय तथा आय आर्जन हुने खालका कार्यक्रम) संचालन गर्ने, यसरी कार्यक्रम छनौट गरी संचालन गर्दा यस कार्यक्रमबाट पहिचान गरी समूह संस्थामा आवद्ध भएका लक्षित परिवारहरू र नेपाल सरकारले पहिचान गरी परिचयपत्र प्राप्त गरिब घरपरिवारलाई फाइदा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

(५) यस अख्तियारी प्राप्त पूँजीगत अनुदानको रकम कार्यक्रम लागु भएको कार्यक्षेत्र बाहेक अन्य क्षेत्रमा खर्च गर्न नपाइने । पूँजीगत अनुदानको रकमबाट कर्मचारीको तलब भत्ता र अन्य प्रशासनिक कार्यमा समेत खर्च गर्न पाइने छैन।

(६) स्थानीय तहले यस कार्यक्रमको चौमासिक/बार्षिक रुपमा वित्तिय र भौतिक प्रगतिको विवरण तोकिएको Web Base Reporting System मा प्रविष्ट (Entry) गराउनु पर्नेछ ।

(७) यस बाहेक अन्य कुराको हकमा गरिबसँग विश्वेश्वर कार्यक्रमको कार्यान्वय (संशोधन सहित) निर्देशिका, २०६६ बमोजिम हुने गरी कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाउने ।

सि. सचिव